कार्यव्यवस्था
प्रतिनिधि सभा
दर्ता नं.: 3
मिति: २०८१।२।३०
समय: २:१०

मिति :- २०८१।२।२९

श्री महासचिव ज्यू,
प्रतिनिधि सभा ।

**विषय** :- <u>जरुरी सार्वजनिक महत्वको प्रस्ताव</u> ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७१ बमोजिम देहायको जरुरी सार्वजनिक महत्वको विषयमाथि छलफल गर्न सूचना दिएका छौं :-

**<u>जरुरी सार्वजनिक महत्वको प्रस्ताव</u> :-**

काठमाडौं उपत्यकाको २७ किलोमिटर चक्रपथ (रिंगरोड) विस्तार परियोजना लामो समय देखि अलपत्र अवस्थामा छ । नेपाल सरकार र मित्र राष्ट्र चिन बिचमा दुई पक्षीय सम्झौता भइ चक्रपथ विस्तार परियोजना अन्तर्गत पहिलो खण्ड कोटेश्वर देखि कलंकी सम्मको विस्तार कार्य सन् २०१९ सालमा सम्पन्न भयो । पहिलो खण्डको विस्तार सँगै दोश्रो खण्ड- **कलंकी देखि धोबीखोला 'चाबहिल'** सम्मको विस्तार कार्यका लागि पनि नेपाल सरकार र चीन सरकार बीचमा २ वर्ष भित्रमा विस्तार सम्पन्न गरिसक्ने भनी सन् २०१८ सालमा समझदारी पत्रमा हस्ताक्षर भएको थियो । तर, दुई पक्षीय सम्झौता भएको ५ वर्ष भन्दा बढी बितिसक्दा समेत उक्त कार्य अघि बढ्न सकेको छैन ।

दुवै सरकार बीचमा भएको सम्झौता मुताबिक नेपाल पक्षले सडक विस्तारका लागि साइट क्लियरिङको काम गरिरहेको छ । नेपाल पक्षको दायित्व अन्तर्गत पर्ने साइट क्लियरेन्स, ढल हाल्ने, विद्युतको पोल तथा तारको व्यवस्थापन गर्ने लगायतका कार्य बसुन्धारा सम्म करिब सम्पन्न हुने अवस्थामा रहेको छ । तर, सडक विस्तारको बाकी मुख्य काम भने तत्काल अघि बढ्ने वा नबढ्ने अनिश्चित हुँदै गएको छ ।

अर्कोतर्फ, विस्तार कार्यमा ढिलाई भएको कारण तथा सडक विस्तारका लागि भनी संरचना भत्काउने तथा साइट क्लियरिङको कार्य समेत सुस्त गतिमा भइरहेको हुँदा लामो समय देखि सडक अस्तव्यस्त छ । जसका कारणले दैनिक यात्रा गर्ने लाखौं नागरिकको जीवन अत्यन्तै कष्टकर बन्दै गएको छ भने सडक आसपास रहेका स्थानीयको स्वास्थ्यमा दीर्घकालीन असर पुगेको छ । धूलो धुवाँ र

ट्राफिक जामका कारण वातावरणीय प्रदुषण अत्यधिक वृद्धि भइ मानव स्वास्थ्यमा प्रतिकुल असर पुगेको छ भने साइट क्लियरिङका लागि रूख कटानले सहरी सुन्दरता नै कुरूप बन्न पुगेको छ । अब वर्षाको समय सुरु भए सँगै उक्त सडक झनै हिड्न समेत नमिल्ने गरी हिलाम्मे हुने तथा झनै अस्तव्यस्त हुने निश्चित छ । उक्त क्षेत्रमा ढल तथा बाढी निकासीका लागि व्यवस्थापन नहुदाँ सामाखुसी खोला तथा ढलको नालीमा परि विगतमा नागरिकले ज्यान समेत गुमाउनु परेको दुखद घटना हाम्रो आँखा अघाडी नै छ ।

यसै सन्दर्भमा, सडक विस्तार पूर्व सम्पन्न गर्नु पर्ने ढल, तार, ह्युम पाइप बिछ्याउने, खानेपानी पाइप राख्ने लगायतका विषयमा तत्काल व्यवस्थापन गर्न पूर्वाधार विकास समितिले विगतमा पटकपटक निर्देशन दिइसकेको छ भने रिंगरोड विस्तार कार्यलाई अविलम्ब अघि बढाउन संघीय संसदमा समेत निरन्तर आवाज उठिरहेको छ । तर पनि बिस्तार कार्यले गति लिन सकेको छैन ।

यसैगरी, सन् २०२३ मे महिनामा दुवै सरकार बिचमा **टेक्निकल कन्फ्रमेसन** समेत भएको थियो । तर, हाल सम्म पनि विस्तार कार्यका लागि आवश्यक डिजाइन तथा परियोजनाको विस्तृत प्रतिवेदन (डी. पी. आर.) समेत उपलब्ध हुन नसकेकाले विस्तारको कार्य हुने की नहुने भन्ने अन्योलता झनै बढेको छ ।

सन् २०१८ मा भएको समझदारी पत्रले उल्लेख गरेको समय सिमालाई आधार मान्ने हो भने पनि निर्माण कार्य प्रारम्भ गर्न अझै धैरै खुड्किला पार गर्नुपर्ने हुन्छ, यसरी हेर्दा काम सम्पन्न गर्न धैरै वर्ष लाग्ने निश्चित छ । यदि उक्त विस्तार कार्यको योजनालाई अझै पनि अन्योलमै राख्ने हो भने फेरी पनि लामो समय दैनिक यात्रा गर्ने आम नागरिकले ठुलो सास्ती भोग्नु पर्ने छ । यसरी राजधानीकै मुटुमा सडकको एउटा खण्ड वर्षौ सम्म अलपत्र रहिरहँदा समेत राज्यको जवाफदेहीता भने कतै देखिदैन ।

त्यसमाथि, नेपालको सन्दर्भमा निर्माणाधीन धैरै योजनाहरू समयमा सम्पन्न हुन नसको प्रशस्तै उदाहरण हाम्रा सामु छन् । यस्ता आयोजनाहरू समयमा सम्पन्न हुन नसक्दा ती आयोजनाको लागत बढ्ने, निर्माण गरिएका पूर्वाधारको गुणस्तरीयता माथि प्रश्न उठ्ने, टिकाउ नहुने जस्ता थुप्रै जटिलताहरू समेत थपिदै गएका छन् । रिंगरोड विस्तारको सन्दर्भमा पनि, हाल देखिएको अन्योल्ताले उक्त परियोजनालाई अझै लामो समय सम्म पछि धकेलिने र नेपाल आफैले निर्माण

गर्नु पर्ने परिस्थिति सिर्जित हुँदै गएको छ । र, यस्तो अवस्थामा देशलाई आर्थिक भार कम गर्न समेत यथाशक्य चाँडो निर्माण सम्पन्न गर्न आवश्यक छ ।

त्यसैले, दुवै सरकार बिचमा भएको समझदारी अनुरूप विस्तार कार्य हुने वा नहुने अन्योलता हटाइ रिंगरोड विस्तारको कार्यलाई सुनिश्चित गर्न, अस्तव्यस्त सडक र आसपासको वातावरणीय प्रदुषण कम गर्न, सवारीसाधन आवतजावत तथा ट्राफिक व्यवस्थापन गर्न, आम नागरिकको स्वच्छ वातावरणमा बाच्न पाउने अधिकार सुनिश्चित गर्न र सहरी सुन्दरताको पुनरावृति गर्न **रिंगरोड कलंकी धोबीखोला 'चावहिल'** विस्तार कार्यलाई अविलम्ब सुचारु गरि यथाशक्य चाँडो सम्पन्न गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नका लागि यस संकल्प प्रस्ताव प्रस्तुत गर्दछौं ।

<u>छलफल गर्नु पर्नाको कारण</u> :-

१. काठमाडौं उपत्यकाको चक्रपथ दोस्रो खण्ड विस्तार परियोजनाको साइट क्लियारिंगको प्रारम्भिक कार्य लामो समय देखि प्रारम्भ भएता पनि यस परियोजनाको मुख्य सडक निर्माण कार्य अनिश्चित भएकाले ।

२. सडक आसपासबाट निक्लिने धुलो, धुँवा र वातावरण प्रदुषणले आम नागरिकको स्वास्थ्यमा दीर्घकालीन असर परेको तथा स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकमा असर परेकोले ।

३. अस्तव्यस्त सडकका कारण ट्राफिक तथा सवारीसाधन आवतजावत व्यवस्थापनमा कठिनाइ भएको तथा सवारी दुर्घटनाको संख्या समेत वृद्धि हुँदै गएको र पैदल यात्रीलाई समेत हिँड्डुल गर्न असहज भएकाले ।

४. नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षण गर्दै उक्त क्षेत्रका नागरिकले भोग्दै आएको समस्यालाई समाधान गर्न ।

५. विकास निर्माणको कार्यमा ढिलासुस्ती हुँदा राज्य जवाफदेही हुन नसकेको र आम नागरिकमा निराशा बढ्दै गएको कारणले राज्यलाई आफ्ना काम कारवाही प्रति जिम्मेवार र जवाफदेही बनाउन ।

६. समझदारी पत्रमा हस्ताक्षर भएको लामो समय विती सक्दा पनि मुख्य सडक खण्ड विस्तार कार्यमा किन ढिलाई भएको कारण यकिन गरी सो कारणको समाधान गर्दै निर्माण कार्य तत्काल अगाडि बढाउनु पर्ने ।

७. नेपाल र चीन सरकार बीच विगतमा भएको सम्झौता मुताबिक रिङरोड विस्तार कार्य अघि बढ्ने/ नबढ्ने निक्यौल गरि, अघि बढाउन नसक्ने परिस्थिति रहेमा नेपाल सरकारले आफ्नै स्रोतबाट लगानी गरि अविलम्ब विस्तार कार्य अघि बढाउने ।

८. वर्षायाममा बढ्ने बाढी, हिलो र अस्तव्यस्तताले निम्त्याउने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न तथा रोक्न हालका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्ने ।

**सम्बन्धित मन्त्रालय:-** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

**प्रस्तावक**

हस्ताक्षर :

नाम थर : श्री प्रदीप पौडेल

क्रम सङ्ख्या : १२२

मिति : २०८१-२-३०

**समर्थक**

१. नाम थर : गगन कुमार थापा

क्रम सङ्ख्या : ०४४

मिति : २०८१-२-३०

२. नाम थर : प्रतिमा गौतम

क्रम सङ्ख्या : १२०

मिति : २०८१-२-३०

३. नाम थर : सन्तोष चालिसे

क्रम सङ्ख्या : २३४

मिति : २०८१-२-३०

४. नाम थर : शिशिर खनाल
क्रम सङ्ख्या : ४२९
मिति : २०८१/०२/३०

५. नाम थर : गणेश पराजुली
क्रम सङ्ख्या : ४६
मिति : २०८१/०२/३०

६. नाम थर : राजेन्द्र कुमार केसी
क्रम सङ्ख्या : १८२
मिति : २०८१ जेठ ३० गते

७. नाम थर :- सपना राजभण्डारी
क्रम संङख्या :- २३८
मिती : २०८१ जेठ ३० गते

८. नाम थर :- अम्बिका बस्नेत
क्रम संङ्ख्या :- ००८
मिति :- २०८१/०२/३०

९. नाम थर : सोबिता गौतम
क्रम संख्या : २६०३
मिती : २०८१/०२/३०